    

स्थानीय तहको निर्वाचन २०७९

वीरगञ्ज महानगरपालिका, पर्सा

## पाँच दलीय गठबन्धनका उम्मेदवारको

# साझा प्रतिबद्धता



**इम्तियाज आलम**

उपमेयर पदका उम्मेदवार

नेपाली कांग्रेस



**राजेशमान सिंह**

मेयर पदका उम्मेदवार

जनता समाजवादी पार्टी, नेपाल

जे बोल्छौं, त्यो गर्छौं त्यति मात्रै बोल्छौं, जति गर्न सक्छौं

"सम्भावना"लाई "सम्भव" बनाउने महाअभियान

विकसित वीरगञ्जका लागि विवेकपूर्ण मतदान

आदरणीय न्यायप्रेमी वीरगञ्जवासी दिदीबहिनी तथा दाजुभाइ

हामी यतिखेर लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण आधार निर्वाचनको माध्यमबाट जनताको घरदैलो सरकार अर्थात स्थानीय तहमा आफ्ना प्रतिनिधि छनौटको महत्वपूर्ण घडीमा छौं । आगामी ५ वर्षका निम्ति आफ्नै घरआँगनको सरकार चयन गर्ने दायित्व हामीमा पुन: एक पटक आएको छ । विवेकपूर्ण मतदानको माध्यमले हामीले वीरगञ्ज महानगरको भविष्य र स्वयम्कै लागि सरकार चयन गर्ने पावन अभियानमा तपाईं हामीबाट कुनै प्रकारको चुक हुनु हुँदैन । यो निर्वाचनमा जनता समाजवादी पार्टी, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको गठबन्धनमार्फत चुनावमा उत्रिँदा अन्य मुद्दा र विषयहरूभन्दा वीरगञ्जको उज्ज्वल भविष्यलाई केन्द्रमा राखेका छौं ।

वीरगञ्ज अर्थात सम्भावनाको सहर । राजनीतिक परिवर्तन, बलिदानीपूर्ण आन्दोलन र देशको आर्थिक उन्नतिमा अग्रणी भूमिकामा रहेर पनि उपेक्षाको शिकार भएको सहर । गत स्थानीय तह निर्वाचनमा चुनिएको गलत नेतृत्वका कारण विकासमा दशकौं पछाडि परेको सहर । वीरगञ्ज महानगरपालिकालाई देशको अन्य स्थानीय तहको दाँजोमा विकासको प्रतिस्पर्धामा अगाडि लग्दै, एउटा उन्नत नगर बनाउन अठोट लिएर अगाडि बढिरहँदा विगतलाई फर्केर नियाल्न पनि जरुरी ठानेका छौं । वीरगञ्जको रुपमा पहिचान स्थापित गरेयता यस भूगोलले देशलाई बलिदानी, श्रम, सम्मान, सुखसुविधा र धनलगायत धेरै थोक दियो । धुलो, धुँवा, कोलाहल, दुर्घटना सहेर देशको ढुकुटी भर्नुलाई नै आफ्नो जिम्मेवारी ठान्यो वीरगञ्जले । भूकम्प, बाढीपहिरो र आगलगीका पीडितहरूलाई राहत दियो, आँसु पुछ्यो । देशकै लागि उत्पादन र आपूर्तिको केन्द्रको रुपमा स्थापित यो सहरले आर्थिक राजधानीको मौखिक उपमाबाहेक वीरगञ्जले आफ्नै लागि भने न्यायपूर्ण व्यवहारसमेत कहिल्यै पाएन ।

यहाँ न त औपचारिक रुपमा औद्योगिक क्षेत्र बनाइयो, न प्राविधिक जनशक्तिका लागि शैक्षिक प्रतिष्ठान नै आयो । न पारवहनका लागि एउटा ट्रान्सपोर्ट नगर बनाइयो, न कृषि उपजका लागि तोकिएको बजार दिइयो । न यहाँ कम्पनी रजिष्ट्रारको कार्यालय खोलियो, न सबैभन्दा बढी कर दिने र यसबारे समस्या बल्झिइरहने यस सहरले राजश्व न्यायाधीकरणको एउटा कार्यालय नै पायो । न यहाँका नागरिकका लागि रोजगारीको आधार सिर्जना हुन सक्यो । अब विकास र समृद्धिको एउटा स्पष्ट कार्यसूची बनाएर हामीले आफ्नो जिम्मेवारीको काम गर्नुपर्ने छ । संवैधानिक अधिकारका आधारमा पनि वीरगञ्ज आफैले पनि गर्न सक्ने काम धेरै छन् । सामुदायिक शिक्षामा सुधार, सर्वसुलभ स्वास्थ्य सेवा, कृषिका लागि सुविधाहरु, सहरको सरसफाई अनि सौन्दर्यकरण, हरियालीयुक्त व्यवस्थित सहरीकरण, सेवाग्राहीमैत्री स्थानीय तह, भ्रष्टाचारको अन्त्य, महिला बालबालिका तथा जेष्ठ नागरिक र सीमान्तकृत समुदायको उत्थान, सार्वजनिक सम्पत्ति तथा सांस्कृतिक एवम् पुरातात्विक सम्पदाको संरक्षण र वीरगञ्जको अधिकारको लडाईं हाम्रो आफ्नै दायित्व हो ।

वीरगञ्ज क्षेत्रका जनताले इतिहासका विभिन्न कालखण्डमा समानताको चाहना राख्दै राज्यविरुद्ध विद्रोह पनि गरेका छन् । नेपालको संविधानमा संघीयता संस्थागत हुनु बलिदानीपूर्ण मधेश जनविद्रोह कै देन हो । अनि मधेशीलाई सम्मान र पहिचान प्राप्त भयो । तन, मन र धनले देशको लागि लगानी गरेको वीरगञ्जले यस पुस्ता र सन्ततिका भविष्यबारेमा निर्णय लिने बेला आएको छ । राजनीतिक मुद्दामा वीरगञ्जलाई न्याय दिलाउन र यस नगरलाई आधुनिक सहरको रुपमा विकास गर्न अपरिहार्य छ । यसका लागि योग्य र कर्मठ व्यक्तिले जिम्मेवारी पाउन जरुरी छ । हामीले आँट गरेका छौं, दृढ संकल्पित छौं र जे भन्छौं त्यो गर्ने इमानदार प्रतिबद्धता गर्दछौं । नगरवासीको साथ र सहयोगको खाँचो छ । वीरगञ्जवासीको विवेकपूर्ण मतदानले यस सहरको भविष्य निर्धारित हुनेछ । हामीले आफ्नो साझा कार्यसूची अनुमोदनको लागि गठबन्धन दलको यस “साझा प्रतिबद्धता पत्र” लाई पस्केका छौं ।

वीरगञ्ज महानगरको नेतृत्वमा निर्वाचित भएपछि निम्न प्राथमिकताका आधारमा महानगरलाई अघि बढाउने प्रतिवद्धता गर्दछौं ।

## जनताको शासन, जनमुखी प्रशासन :

- सुशासनलाई प्रशासन तथा सेवा प्रवाहको मूलमन्त्र बनाइने छ ।
- महानगरबाट भएका कामकारवाहीको छानविन गरी कानूनअनुसार कारवाही गरिने छ ।
- भ्रष्टाचारमा शून्य सहनशीलता अपनाउँदै छिटोछरितो सेवा प्रदान गरिने छ ।
- अनावश्यक प्रशासनिक खर्च कटौति गरी, विकास बजेट बढाइने छ ।
- महानगरका सम्पूर्ण करको पुनरावलोकन गर्दै करको दर घटाइने छ भने दायरा बढाइने छ ।
- पिठिया कर खारेज गरिने छ ।
- आर्थिक वर्षको अन्त्यमा हतारमा बजेट सिध्याउने परिपाटी अन्त्य गर्न विकास बजेटको खर्च तालिका निर्धारण गरिने छ । वर्षातको मौका छोपेर हुने गुणस्तरहीन काम नियन्त्रण गरिने छ ।
- गरीब तथा विपन्न नागरिकको बिजुली र पानीको न्यूनतम शुल्क महानगरले व्यहोर्ने व्यवस्था मिलाइने छ ।
- महानगर र वडामा हुने भिडलाई कम गर्न अनलाइन सेवा प्रणाली कार्यान्वयनमा ल्याइने छ ।
- नेपाली नागरिकता लिएका महानगरवासी तथा विदेशी नागरिक भई महानगरभित्र व्यवसाय गरिरहेका सबैको “डिजीटल आईडेन्टिफिकेसन” कार्ड बनाइने छ । कर व्यवस्थापन र सेवा प्रवाहमा यस्तो कार्ड उपयोगमा ल्याइने छ ।
- महानगरमा भ्रष्टाचारसम्बन्धी गुनासो सुन्न मेयरको प्रत्यक्ष निगरानीमा हेल्पलाईनको व्यवस्था गरिने छ ।

## पर्यावरण संरक्षण तथा फोहर व्यवस्थापन:

- फोहरमैला व्यवस्थापन, नाला सफाइ र लामखुट्टे नियन्त्रण गर्न एक महिने “सरसफाइ घरदैलो अभियान” चलाइने छ ।
- ब्रुमर तथा उपयुक्त प्रविधिको प्रयोगबाट धुलो नियन्त्रण गरिने छ ।

- फोहर व्यवस्थापनमा सफल विधि कार्यान्वयनमा ल्याइने छ । घरबाट निस्किने फोहर वर्गीकरण गरी अलगअलग संकलन गरिने छ ।
- सरसफाइ शुल्क खारेज गरिने छ । सफाइकर्मी आए/नआएको र टोलमा फोहोर संकलन भए/नभएको गुनासो सुन्न डेस्क स्थापना गरिने छ ।
- डुबानको र निकासीको समस्यालाई स्थायी रुपमा समाधान गर्न प्राविधिक अध्ययनका आधारमा नाला निर्माण र सुधार गरिने छ ।
- नगर क्षेत्रमा नयाँ सार्वजनिक शौचालय निर्माण र जीर्ण शौचालयको मर्मत गरी प्रयोगमा ल्याइने छ ।
- सहर हरीयाली बनाउन वृक्षरोपण, सहरी वन कार्यक्रम र निजी वनलाई प्रोत्साहन गरिने छ । महानगरबाट नक्सा पास गर्दा १ घर बराबर कम्तीमा २ बिरुवा अनिवार्य रुपमा हुर्काउनैपर्ने नियम लागू गरिने छ ।
- सार्वजनिक जग्गा र पोखरीको संरक्षण गर्नुका साथै सिर्सिया नदीलाई पुरानै अवस्थामा फर्काउने योजना ल्याइने छ । नदीलाई प्रदूषणमुक्त बनाउन पानी प्रशोधन केन्द्र (Water Treatment Plant) को स्थापना गरिने छ ।
- सहरभरि माकुराको जालो झैँ जेलिएका टेलिफोन, ईन्टरनेट तथा टेलिभिजन सेवा प्रदायकहरुका तार र जथाभावी राखिएका होर्डिङ बोर्ड व्यवस्थित गरिने छ ।
- प्लास्टिकको कालो झोलाको प्रयोग न्यूनीकरण गर्दै सबै प्रकारका प्रदूषण नियन्त्रण गर्नुका साथै खुला दिसामुक्त गरिने छ ।

## ट्राफिक व्यवस्थापन :

- नगर ट्राफिक प्रहरीको व्यवस्था गरी वीरगञ्जको ट्राफिक व्यवस्थापन गरिने छ ।
- लामो समय पार्क गर्ने निजी संस्थान तथा सरकारी कार्यालयका कर्मचारीका लागि एउटा र छोटो अवधिका लागि अर्को पार्किङको व्यवस्था मिलाईने छ ।
- "फुट पाथ" व्यवस्थापन गरिने छ ।
- दुर्घटनाको जोखिम बढाइरहेका छाडा चौपाया पूर्ण रुपमा नियन्त्रण गरिने छ ।
- भाडाका सवारी साधनको रुट निर्धारण तथा संख्याको सीमा निर्धारण गरी सवारी चापलाई नियन्त्रण गरिने छ ।

- महानगरले घोषणा गरेर कार्यान्वयन गर्न नसकेको ध्वनि प्रदूषणमुक्त वीरगञ्ज कार्यान्वयनमा ल्याइने छ ।

## शिक्षा, विज्ञान तथा प्रविधि :

- "सबैका लागि सुलभ शिक्षा" का लागि विद्यालय भर्ना अभियान चलाइने छ ।
- सरकारी विद्यालयको भौतिक तथा शैक्षिक गुणस्तर वृद्धि, शिक्षकलाई तालीम र विद्यार्थीलाई नैतिक शिक्षा दिइने छ ।
- बालमैत्री शैक्षिक वातावरण बनाइनुका साथै शिक्षण सिकाइ सामग्री, पुस्तकालय र खेलकुदका सामग्रीको उचित व्यवस्था गरिने छ ।
- महानगरका मावि तथा उच्च माविमा प्राविधिक शिक्षामा जोड दिँदै नयाँ पूर्ण प्राविधिक विद्यालय स्थापना गरिने छ ।
- सरकारी विद्यालयका बेथिति अन्त्य गर्दै विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी मिलान गरिने छ ।
- महानगरका वडाहरूको संयुक्त क्लस्टर बनाई गरीब, विपन्न तथा फरक क्षमताका व्यक्तिका लागि लोक सेवा, शिक्षक सेवा र सेना एवम् प्रहरी सेवालगायतको नि:शुल्क तयारी कक्षा सञ्चालन गरिने छ ।
- महानगरभित्रका पुस्तकालयहरूको स्तरोन्नति र नयाँ पुस्तकालय स्थापना गरी अध्ययनको वातावरण सृजना गरिने छ ।
- महानगरको ग्रामीण वडामा छोरीहरूको लागि कन्या विद्यालय तथा कलेज स्थापना गरिने छ ।
- विद्यालयमा स्पोर्ट्स् तथा आईटी शिक्षकको दरबन्दी कायम गरिने छ ।
- निजी विद्यालयको हकमा सरोकारवालाको कार्यदल बनाई अध्ययनका आधारमा समस्या समाधान र सम्भावनालाई प्रोत्साहन दिइने छ ।
- वीरगञ्ज विश्वविद्यालय निर्माणका लागि यसअघि नै उठेको रकमको खोजी गरी यथाशीघ्र विश्वविद्यालय निर्माणको काम अघि बढाउन पहल गरिने छ ।
- ठाकुरराम क्याम्पसको भौतिक संरचना, पुस्तकालय, खेलकुद सामग्री तथा उपकरणको उचित व्यवस्थापन गरिने छ ।

- गरीब तथा जेहन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने छ ।
- महानगरका गरीब, दलित, सीमान्तकृत समुदायका विद्यार्थी र बालमजदूरका लागि आवासीय शिक्षाको कार्यक्रम ल्याइने छ ।
- वीरगञ्जलाई शैक्षिक हबको रुपमा विकास गरीने छ ।

## स्वास्थ्य :

- प्रत्येक वडामा एकजना स्वास्थ्य सहायक, नर्स र बर्थिङ सेन्टरसहितको स्वास्थ्य चौकी स्थापना गरिने छ ।
- सरकारले नि:शुल्क उपलब्ध गराउने सबै प्रकारका औषधीको लाभ लिन जनचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- सस्तो र गुणस्तरीय सरकारी स्वास्थ्य सेवाको लागि नारायणी अस्पतालमा जनशक्ति, उपकरण तथा पूर्वाधार विकासमा सहयोग गरिने छ ।
- स्वास्थ्य उपचारमा लाग्ने ठूलो खर्चबाट जोगिन सुलभ दरको स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन सबैलाई प्रेरित गरिने छ ।
- गरीब तथा विपन्न नागरिकको पहिचान गरी महानगरपालिकाबाट नि:शुल्क स्वास्थ्य बिमा गरिने छ ।
- नि:शुल्क आँखा अप्रेशन तथा सहुलियत दरको एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।
- सरकारद्वारा नि:शुल्क प्रदान गरिने आयुर्वेदिक औषधी तथा सेवाको जानकारी, उपयोग र प्रयोगमा जोड दिइने छ ।
- योग र आयुर्वेदको चिकित्सा पद्धतिसम्बन्धी सचेतना कार्यक्रम र व्यायामशालाको स्थापना गरिने छ ।
- वीरगञ्जलाई मेडिकल हबको रुपमा विकास गरिने छ ।

## पूर्वाधार विकास तथा पर्यटन :

- नेपालमैं नमूना हुने गरी व्यवस्थित गोदाम, पार्किङ र अन्य सुविधासहित ट्रान्सपोर्ट नगर स्थापना गरिने छ ।
- चक्रपथ निर्माण गरी वीरगञ्जको ३२ वटै वडालाई सडक सञ्जालमा जोडिने छ ।

- जीर्ण सडकहरूको स्तरोन्नति तथा नयाँ सडक निर्माण गरिने छ ।
- चौतर्फी आवागमन हुने घण्टाघर चोकमा ट्राफिक व्यवस्थापन गर्न ओभर ब्रिज निर्माण गरिने छ ।
- एउटै योजना पटकपटक बनाउने र तोड्ने समस्या देखिएकोले विकासे कार्यालयको पूर्वाधार विकासलाई तालिका बनाई कार्यान्वयनमा ल्याउने संयन्त्र बनाइने छ ।
- "महानगरीय पर्यटन सर्किट" निर्माण तथा पर्यटन क्षेत्रको विकासका लागि पर्यटन बोर्ड गठन गरिने छ ।
- वीरगञ्ज उद्योग वाणिज्य संघ र सरोकारवालाको समन्वयमा औद्योगिक भ्रमण सर्किट बनाई वीरगञ्जमा औद्योगिक पर्यटनलाई बढावा दिइने छ ।
- ग्रेटर वीरगञ्जको अवधारणालाई मूर्त बनाउन योजनाहरू तय गरी लागू गरिने छ ।
- निर्माणाधीन धार्मिक तथा सांस्कृतिक स्थलको भौतिक संरचनाहरूको निर्माणलाई समयमै पूरा गरिने छ ।
- बीपी उद्यानलाई बालबालिका तथा जेष्ठ नागरीकमैत्री उद्यानको रुपमा विकास गरीने छ ।
- मधेशी सहिद पार्क र सहरका विभिन्न खाली स्थानमा आधुनिक उद्यान निर्माण गरिने छ ।
- महानगरमा जोडिन आएका नयाँ वडामा विशेष प्याकेजसहित सडक तथा नाला निर्माण, सरसफाइ तथा यातायात र स्थानीय बजारको विकास गरिने छ ।
- विवाह व्रतबन्धजस्ता सांस्कृतिक प्रयोजनका लागि सामुदायिक भवनहरूको निर्माण गरिने छ ।
- भारतीय सिमावर्ती सहर रक्सौलसँग सहकार्य गरी वीरगञ्जलाई मैत्री सहरको रुपमा विकास गरिने छ ।
- बारुणयन्त्र (दमकल) सेवालाई ग्रामण भेगमा विस्तार गर्ने र केमिकलयुक्त दमकल सेवा स्थापना गरिने छ ।
- बाढी, आगलगी र महामारीजस्ता विपत्तिका लागि आकस्मिक कोष तथा संयन्त्र स्थापना गरिने छ ।
- महानगरअन्तर्गत रहेका सेवा कार्यालयहरूको भवन तथा सेवालाई अपांगमैत्री बनाइने छ ।
- नगरका विभिन्न क्षेत्रमा स्वच्छ खानेपानीको व्यवस्था गरिने छ ।

## युवा, उद्योग एवम् रोजगारी :

- सम्भाव्यता अध्ययन गरी पर्याप्त पूर्वाधारसहितको औद्योगिक क्षेत्रको स्थापना गरिने छ ।
- औद्योगिक विकासका लागि सरोकारवालाको साझा कार्यदल बनाइ काम गरिने छ ।
- तथ्यांक संकलन गरी त्यसको आधारमा रोजगारी र जनशक्तिको बीचमा तालमेल बनाई रोजगारीमा वृद्धि गरिने छ ।
- रोजगारमूलक सीप विकासका लागि प्राविधिक तालीम केन्द्रको स्थापना गरिने छ ।
- सीप सिकेका युवालाई उद्योगी र वीरगञ्ज उद्योग वाणिज्य संघसमेतको पहलमा सीपको अभ्यास गर्ने र रोजगारीसँग जोड्ने व्यवस्था मिलाइने छ ।
- महिला दिदिबहिनीहरूलाई सामुहिक रुपमा रोजगार उपलब्ध गराउन महिला ग्राम उद्योगको स्थापना गरिने छ ।
- बन्द रहेका वीरगञ्ज चिनी कारखाना र कृषि औजार कारखानालाई पुन: सञ्चालन गर्न प्रदेश र संघ सरकारसँग पहल गरिने छ ।
- "श्रम सम्मान परियोजना" अन्तर्गत दर्जी, धोबी, हजाम, बरई, मोची, सुनार, हलुवाई, लोहार, कुम्भकार, शिल्पकार, चमार, मुसहर आदिका लागि पारम्परिक स्वरोजगार अघि बढाउन ऋण, उपकरण, सीप, सहायता र बजारको सुविधा दिइने छ ।
- व्यावसायिक क्षेत्रमा देखिने समस्या समाधान गर्न उद्योगी व्यावसायीको हितका लागि "विवाद समाधान तथा व्यापार कल्याण बोर्ड" स्थापना गरिने छ ।
- स्थानीय उत्पादन, सेवा तथा बस्तुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्नका लागि महोत्सव तथा प्रदर्शनीको आयोजना गरिने छ ।
- कुलतमा फसेका युवालाई समाज र घरपरिवारमा पुनर्स्थापित गराउन सामाजिक पुन:र्स्थापना केन्द्रसँग सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- महानगर क्षेत्रभित्र हस्तकला केन्द्रको स्थापना गरिने छ ।

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक :

- नगर प्रहरी, नयाँ स्थापना गरिने नगर ट्राफिक प्रहरी र महानगरमा गरिने सबै किसिमको कर्मचारी भर्नामा महिलालाई आरक्षणको व्यवस्था मिलाइने छ ।
- छोरीहरूलाई आत्मनिर्भर बनाउन प्राविधिक शिक्षाको संरचना विकास गर्दै गरीब तथा विपन्न परिवारका छोरीहरूलाई निशुल्क प्राविधिक शिक्षाको व्यवस्था गरिने छ ।
- गृहणीहरूको लागि छुट्टै "स्किल सेन्टर" को स्थापना गरिने छ । उनीहरूबाट उत्पादित सामग्रीको बजार प्रबन्ध महानगरले गर्ने छ ।
- खाना पकाउन दाउराको चुल्हो प्रयोग गर्ने परिवारका लागि नि:शुल्क ग्यास चुल्हो वितरण गरिने छ ।
- हिंसा पीडित बालबालिका र महिलाहरूका लागि "टोल फ्री नम्बर" सहितको संरक्षण केन्द्रको स्थापना गरिने छ । पीडितलाई "फास्ट ट्र्याक" बाट न्याय दिलाउन नि:शुल्क कानूनी परामर्श तथा अधिवक्ता सेवा प्रदान गरिने छ ।
- सन्तानबाट उपेक्षित तथा अपहेलित ज्येष्ठ नागरिकको विवरण संकलन गरी समस्यामा रहेका ज्येष्ठ नारिकको उद्धार र संरक्षण गरिने छ ।
- महिलालाई पुरुष समान ज्याला उपलब्ध गराउन अभियान चलाइने छ ।
- ज्येष्ठ नागरिकको नि:शुल्क स्वास्थ्य परीक्षण तथा उपचारको व्यवस्था गरिने छ ।
- सन्तानबाट उपेक्षित तथा अपहेलित ज्येष्ठ नागरिकको विवरण संकलन गरी समस्यामा रहेका ज्येष्ठ नारिकको उद्धार र संरक्षण गरिने छ ।
- अभावमा रहेका गर्भवती एवम् प्रसुति महिला, कुपोषणमा परेका बालबालिका र नवजात शिशुको लागि पोषण कार्यक्रम र स्वास्थ्य सुरक्षा भत्ताको व्यवस्था गरिने छ ।
- महिला हिंसा, बालयौन हिंसा, बालविवाहजस्ता अपराध अन्त्य गर्न कार्यक्रम ल्याइने छ ।
- महिनावारी सम्बन्धी स्वास्थ्य समस्या कम गर्न गरीब तथा विपन्न महिला एवम् छोरीहरूको लागि "स्यानटरी प्याड" नि:शुल्क वितरण गरिने छ ।

- बालबालिकालाई कानूनविपरीत काममा लगाउनेलाई कारवाहीको दायरामा ल्याइने छ ।
- अभावमा रहेका गर्भवती एवम् प्रसुति महिला, कुपोषणमा परेका बालबालिका र नवजात शिशुको लागि पोषण कार्यक्रम र स्वास्थ्य सुरक्षा भत्ताको व्यवस्था गरिने छ ।
- विभिन्न क्षेत्रमा रही समाजमा योगदान दिएका व्यक्तित्वको उच्च मूल्यांकन गरी हौसला प्रदान गर्न महानगरले सम्मानित गर्ने छ ।
- महानगरलाई राय सुझाव दिन प्रबुद्ध वर्गको सहभागितामा नागरिक मञ्च बनाइने छ ।
- तेश्रो लिंगी तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरिने छ ।

## कृषि तथा पशुपंछी:

- कृषियोग्य जग्गामा मालपोत बाहेकको कर हटाइने छ ।
- कृषकका लागि मलखाद, बीबिजन, उन्नत जातका पाठापाठी र सिचाइँको व्यवस्था मिलाइने छ ।
- कृषकको आय आर्जनमा वृद्धि गर्न पशुपंछी पालन, माछापालन, व्यावसायिक तरकारी खेती, माहुरीपालन, पुष्प खेती तथा जडिबुटीको खेतीलगायत नगदेबाली उत्पादनमा सहयोग गरिने छ ।
- कृषि उपजको नाफा जति विचौलियाले खाने प्रवृत्तिको अन्त्यका लागि कृषकले सिधै आफ्नो उत्पादन बिक्री गर्न सक्ने बजारको व्यवस्था गरिने छ ।
- उब्जनी बढाउन सिचाइँका लागि नि:शुल्क मोटर वितरण गरिने छ । विद्युत्को न्यूनतम महशुल छुट गरिने छ ।
- कृषकको सीपलाई थप परिस्कृत गर्न आवश्यकताअनुसार तालीमको व्यवस्था मिलाइने छ ।
- महानगरपालिकाको अनुदान सहयोगमा कृषि र पशुधन बिमाको व्यवस्था गरिने छ ।
- वीरगञ्जको नगवामा कृषि सेड निर्माण गरिने छ ।

## सूचना प्रविधि तथा सञ्चार :

- महानगरको सूचनामा सबैको पहुँच स्थापित गरिने छ । नगरकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा नागरिक वडापत्र अनिवार्य गरिने छ ।
- महानगरमा दर्ता तथा सञ्चालनमा रहेका सञ्चारमाध्यमको लागि समानुपातिक ढंगले वितरण हुने गरी लोक कल्याणकारी विज्ञापनको व्यवस्था गरिने छ ।
- व्यावसायिक सञ्चारकर्मीको क्षमता र दक्षता अभिवृद्धिका लागि कार्यक्रम ल्याइने छ ।
- पत्रकारलाई भईपरी आउने स्वास्थ्य तथा दुर्घटनाको उपचार सहज बनाउन नि:शुल्क स्वास्थ्य तथा दुर्घटना बिमा गरिने छ ।
- अध्ययन अनुसन्धानका लागि पत्रकारलाई अध्ययन भ्रमण र फेलोसिपको व्यवस्था गरिने छ ।
- कार्यक्षेत्रमा उत्कृष्ट काम गर्ने पत्रकारलाई पुरस्कृत तथा सम्मानित गरिने छ ।
- महानगरका विभिन्न स्थानमा नि:शुल्क ईन्टरनेटको व्यवस्था गरिने छ ।

## खेलकुद :

- महानगरभित्रका नारायणी रंगशाला, नारायणी क्रिकेट मैदान र आदर्शनगर रंगशालाको स्तरोन्नति गरिने छ ।
- ग्रामीण भेगका खुला खेल मैदानलाई व्यवस्थित गरी खेलमैत्री वातावरणको निर्माण गरिने छ ।
- वीरगञ्जमा राष्ट्रियस्तरको खेलकुद प्रशिक्षण संस्थान स्थापना गरिने छ ।
- खेलकुदको स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रियस्तरको आवधिक खेलकुद प्रतियोगिता आयोजना गरिने छ ।
- क्षमता भएर पनि आर्थिक तथा अन्य समस्याका कारण खेलकुद सामग्री अभाव तथा पोषण आहारको अभावमा परेका खेलाडीका लागि प्रोत्साहन भत्ता दिइने छ ।
- अन्तर्राष्ट्रिय प्रतियोगितामा राम्रो खेल प्रदर्शन गर्ने महानगरका खेलाडीलाई सम्मान र पुरस्कार प्रदान गर्नुका साथै उपयुक्त रोजगारीको व्यवस्था मिलाइने छ ।

- खेलकुदका माध्यमबाट समाज र राष्ट्रलाई योगदान दिएका ज्येष्ठ खेलाडीलाई सम्मानित गरिने छ ।

## सहिद, घाइते तथा अपांग :

- परिवर्तनकारी आन्दोलनमा बलिदानी दिएका सहिदका परिवारलाई सम्मान गर्नुका साथै उचित सहयोग उपलब्ध गराइने छ ।
- घाइते तथा अपांगलाई सुविधा सम्पन्न अस्पतालमा उपचारको व्यवस्था गरिने छ । दैनिक जीवनयापनका लागि महानगरको तर्फबाट भत्ताको व्यवस्था गरिने छ ।
- सहिदका छोराछोरीलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ ।
- शहिद परिवारका सदस्यमध्ये एकजनालाई महानगरमा रोजगारी प्रदान गरिने छ ।
- सहिदको बलिदानीको उच्च कदर गर्दै महानगरले निर्माण गर्ने पूर्वाधारलाई सहिदको नामबाट नामाकरण गरिने छ ।

## साहित्य तथा भाषा संस्कृति :

- महानगरका सम्पूर्ण जातजातिको भाषालाई संरक्षण तथा संबर्द्धन गरिने छ । स्थानीय पहिचानको रुपमा वीरगञ्ज महानगरलाई भोजपुरी क्षेत्रको रुपमा प्रबर्द्धन गरिने छ ।
- वीरगञ्ज आर्थिक नगरमात्र नभएर भाषा साहित्यको क्षेत्रमा पनि अग्रणी पहिचान बनाउन सफल रहेकोले यस विधामा योगदान पुऱ्याउनुभएका व्यक्तित्वलाई सम्मान गरिने छ ।
- कमजोर आर्थिक अवस्थाका ज्येष्ठ नागरिकका लागि धार्मिक आस्थाअनुसार तिर्थ यात्रा, हज यात्रा तथा अन्य धार्मिक भ्रमणको व्यवस्था गरिने छ ।
- साहित्य र कलाको विकासका लागि वीरगञ्जकै सर्जकको सम्झनामा साहित्य महोत्सवको आयोजना गरिने छ ।

# “सम्भावना”लाई “सम्भव” बनाउनु छ

“सम्भावना”लाई “सम्भव” बनाउनु छ
विकास र समृद्धि साकार पार्नु छ
ओठे गफ र चर्को भाषण होइन
स साना लाग्ने समस्या समाधान गर्नु छ

धुलोमैलो पखालेर सरसफाइ गर्नु छ
जमेको नालालाई ढल बग्ने बनाउनु छ
शितल छहारी दिने वृक्ष रोपण गर्नु छ
“कंक्रिट”सरी वीरगंजलाई हरीयाली पार्नु छ

बिग्रेको बनाउनु छ, भत्केको टाल्नु छ
सडकसंगै “फुटपाथ” पनि सुधार्नु छ
फोहोरको डङ्गुर हटाई ठाउँ सफा पार्नु छ
विहानसाँझ डुल्न मिल्ने उद्यानहरु बनाउनु छ

“हुँदा खाने” वर्गलाई “हुने खाने” बनाउनु छ
छाकटार्न गाह्रो नहोस तिनको “भर” बन्नु छ
शिक्षा, स्वास्थ्य, रोजगारी प्राथमिकतामा राख्नु छ
हो ! व्यवस्था त फेरीयो अवस्था नि फेर्नु छ

किसानलाई नि दिनु छ मल, बिउ, सिचाइ
मोल लिनु छ उब्जनीको बिचौलिया हटाइ
सकेजति गरेकै छन् महिला दिदी बहिनिले
अवसर र बाताबरण दिइ अझ अघि बढाउनुछ

“सरकारी काम कहिले जाला घाम” होईन
“जनताको काम सकाएरै घर जाम” भन्नु छ
जनताको शासन, जनमुखी प्रशासन
ढिलासुस्ती र भ्रष्टाचार जरैदेखि हटाउनु छ

सम्पदा र सँस्कृतिको जगेर्ना नी गर्नु छ
मन्दिर, मस्जिद गिर्जाघरमा सबै मिलि बस्नु छ
ढल सरी नदीलाई कलकल बग्ने पार्नु छ
पोखरी र ताल तलैया संरक्षण नि गर्नु छ

सिक्नु छ कति कुरा
केही कुरा सिकाउनु छ
“अधिकार” मात्र खोज्नेलाई
“कर्तब्य” नि बुझाउनु छ

“झुटा कसम” खानेहरूको बिचमा
“सच्चाई” को “मिसाल” बन्नु छ
सबैभन्दा मुख्य अठोट
“सम्भावना”लाई “सम्भव” बनाउनु छ
विकास र समृद्धि साकार पार्नु छ

## राजेशमान सिंह

